आज मिति २०८१/११/१३ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तप्त बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **२१औं** बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री  मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित तथा सहयोगी कर्मचारीहरु** | | | |
| १९ | श्री दिल कु. खत्री वस्नेत | ३ नं. का. वा. अध्यक्ष | |
| २० | श्री राम ब. थापा | ६ नं. ,, — ,, | |

२१. श्री गोरख कुं लामिछाने / लेखा अधिकृत

२२ श्री राज तिलक थापा / कम्प्युटर अ. इन्जिनियर -

मिति २०८१ साल फागुन १३ गते को कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं १. मिति २०८१ साल पौष १ गतेको कार्यपालिकाको निर्णय अनुसार यस गाउपालिकाको मिति २०८१ पौष १४ गते प्रकाशित नदिजन्य पदार्थ उत्खनन् गर्ने कार्यको लागि दुइ वटा प्याकेज गरि आय संकलनको लागि बोलपत्र आहान भएकोमा प्याकेज नं २/RSRM/०८१-०८२ को एकमात्र बोलपत्रदाता श्री ए.के. एस. निर्माण सेवा राप्ति सोनारी गाउपालिका वडा न ८ बाकेले कुल अनुमानि आय रु. ५,०८,२८,८८०|- अग्रिम आयकर ,मु.अ.कर र सडक मर्मत /वाताबरण शुल्क बाहेक मा रु ५,०८,४८,८८१|- कबोल गरि कार्यालयबाट मिति २०८१/११/०८ मा दुइ पक्ष बीच भएको सम्झौता अनुमोदन/समर्थन गरियो | सो सम्झौतामा बोलपत्रदाताले बुझाउने किस्ता के कति हो सो एकिन भएको नदेखिएकोले दुवै पक्षले छलफल गरि प्रति किस्ता वुझाउने रकमको एकिन गरि पत्राचार वा सम्झौताको शर्तमा थप गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने र ठेक्का नलागेको प्याकेजको दोस्रो पटक आय संकलनको सुचना प्रकाशन गर्दा समेत ठेक्का नपरेकोले पुनःतेस्रो पटक सुचना प्रकाशन गर्ने निर्णय गरियो | साथै चालु आवको सो नदिजन्य पदार्थको आय संकलन ठेक्काको राजस्व असुली सम्बन्धमा सम्वन्धित वडाका वडाध्यक्ष , स्थानीय सुरक्षा निकाय र ठेकेदार संग समन्यव गरि कार्य सम्पादन गर्न, आय व्यवस्थापन गर्न लेखा अधिकृत गौरब कुमार लामिछाने, इन्जिनियर यथेस्ट पुनमगर ,योजना शाखा/आलेप सागर आचार्य र राजस्व शाखा प्रमुख मिनाकुमारी श्रेष्ठलाई जिम्मेवारी तोक्ने निर्णय गरियो

निर्णय नं २ आगामी आव २०८२/०८३ को लागि संघिय सम्पुरक अनुदान तथा प्रदेश समपुरक अनुदान तथा संघिय विशेष अनुदान र प्रदेश विशेष अनुदानको लागि तपशिलका आयोजनाहरु माग गरि पठाउने निर्णय गरियो :

| सि .नं | कार्यक्रम/आयोजनाको नाम | माग गरेको शिर्षक | कैफियत |
|---|---|---|---|
| १. | राप्तिसोनारी गाउपालिकाको रिमना पार्क देखि पस्चिम्पुर्वा सम्म सडक निर्माण वडा नं ९ | संघिय समपुरक अनुदान | २ करोड |
| २. | राप्तिसोनारी गाउपालिकाको वडा नं ४ मा रिङ्गरोड सडक निर्माण गर्ने काम | संघिय समपुरक अनुदान | २ करोड |
| ३ | राप्तिसोनारी गाउपालिकाको निबुवाटार देखि सर्री हुदै विशम्बरपुर सम्म सडक निर्माण वडा नं ७ | संघिय समपुरक अनुदान | १ करोड ५० लाख |
| ४ | राप्तिसोनारी गाउपालिकाको बिनौना देखि नर्सरी सम्मको सडक निर्माण वडा न न ५ | संघिय समपुरक अनुदान | १ करोड ५० लाख |
| ५ | विपन्न वर्ग आवास निर्माण कार्यक्रम (राप्तिसोनारी गाउपालिका भरी ) | संघिय बिशेष अनुदान | २ करोड |
| ६ | वडा नं १ को विभिन्न स्थानमा सिचाई बोरिंग निर्माण | संघिय विशेष अनुदान | ५० लाख |
| ७ | राप्तिसोनारी गाउपालिकाको स्वास्थ्य तथा शिक्षा क्षेत्रका पेश भएका कार्यक्रमहरु | संघिय विशेष अनुदान | ५० लाख |

रप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत कार्यक्रमको लागि माग गर्नु पर्ने आयोजना तथा कार्यक्रमहरु

| सि .नं | कार्यक्रम/आयोजनाको नाम | माग गरेको शिर्षक | कैफियत |
|---|---|---|---|
| १ | रासिसोनारी गाउपालिकाको मदुवा देखिमदुई सम्मको सडक निर्माण रासिसोनारी वडा न २ बाके | प्रदेश समपुरक अनुदान | |
| २ | कुसुम रिङ्गरोड निर्माण रासिसोनारी १ बाके | प्रदेश समपुरक अनुदान | |
| ३ | वार बिगाह टोल देखि भण्डारी टोल सम्म सडक कालोपत्र वडा नं ९ | प्रदेश समपुरक अनुदान | |
| ४ | शसस्त्र प्रहरी बल देखि ओभारी रास्ट्रीय निकुन्ज जाने बाटो १० | प्रदेश समपुरक /शसर्त अनुदान | |
| ५ | भागौतिपुर चोक देखि अजगरुवा खोलासम्म बाटो कालो पत्रे वडा नं ३ करिब १२००मि | प्रदेश समपुरक/शसर्त अनुदान | |
| ६ | रासिसोनारी गाउपालिकाको स्वास्थ्य तथा शिक्षा क्षेत्रका पेश भएका कार्यक्रमहरु | प्रदेश बिशेष अनुदान | ३० लाख |
| ७ | वडा नं १ को विभिन्न स्थानमा सिचाई बोरिंग निर्माण | प्रदेश बिशेष अनुदान | ३० लाख |

निर्णय न. ३, वडा नं ६ को पत्रानुसार डुडुवा गाउपालिका बाके र वडा नं ६ को सिमा बिबादको समस्या र सो स्थानबाट अबैधरुपमा नदिजन्य पदार्थ उत्खनन भइ रहेकोले हाल उक्त काम बन्द गरि दिन र समस्या समाधानको लागि सहजीकरण गरिदिन जिल्ल्ला समन्वय समिति बाके . जिल्ला प्रशासन कार्यालय बाके र जिल्ला प्रहरी कार्यालय बाकेलाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं ४. शिक्षा र कृषि शाखाबाट पेश भएका देहायका कार्यबिधिहरु/मापदण्ड स्वीकृत गरि कार्यान्वयन गर्ने :

क ) रासिसोनारी गाउपालिकाको साना सिचाई कार्यक्रम कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१

ख ) रासिसोनारी गाउपालिकाको शीत भण्डार (cold store) संचालन तथा ब्यबस्थापन कार्यविधि २०८१

ग) रासिसोनारी गाउपालिकाको बालिका तथा समाबेशी शिक्षा संचालन (गठन तथा संचालन ) सम्बन्धि मापदण्ड २०८१

घ ) रासिसोनारी गाउपालिकाको गुनासो कार्यविधि २०८१

बहादुर ऐडी
प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

निर्णय नं ५. प्रधानमन्त्री रोजगार कार्यक्रमको चालु आव २०८१/०८२ मा संचालन हुने बिभिन्न वडावाट सिफारिस भइ आएका र रोजगार शाखाबाट पेश भएका निम्न आयोजना संचालन गर्ने .

| क्र.सं | वडा नं. | योजनाको नाम | अनुमानित बजेट | बजेट स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ | पश्चिम नारायणपुर ट्र्याक निर्माण,साईपुर नयाँ बाटो निर्माण र खेल मैदान निर्माण | ३१३३६९.८१ | आई.डी.ए | |
| २ | ४ | गुरदीनगौरी देखी महेशपुर सम्म नयाँ बाटो तथा मर्मत | १६७५५५४.१३ | पि.एम.ई.पि + गा.पा | |
| ३ | ४ | बाँसखोलि देखि झुरुवा सम्म सडक स्तरोन्नति | १०६३५५७.३८ | आई.डी.ए | |
| ४ | ५ | विभिन्न ठाउमा नाली निर्माण योजना | ४६४९२४.५२ | आई.डी.ए | |
| ५ | ७ | सुरेश कुमार मौर्यको घर देखि मण्डफवा मन्दिर सम्मको नयाँ बाटो निर्माण | १५००२०.६ | पि.एम.ई.पि | |
| ६ | ८ | शमशेरगंज पार्कलाई मर्मत तथा सैन्दीकारण निर्माण | ८३००३१.७५ | आई.डी.ए | |
| ७ | ९ | विभिन्न ठाउँमा नयाँ बाटो तथा ट्र्याक निर्माण, गार्डेन निर्माण,कुलो सरसफाई योजना | ६९४१२६.२५ | पि.एम.ई.पि + गा.पा | |
| जम्मा | | | ५१९१५८४.४४ | | |

निर्णय नं ६. विविध विषयमा छलफल गर्दा देहाय  बमोजिमको निर्णय गरियो :

क ) चालु आव २०८१/०८२ को खेलकुद विकास समितिको बजेटबाट गाउपालिकास्तरिय उपाध्यक्ष कप कराते प्रतियोगिता संचालन गर्न रु २ लाखको कार्यक्रम स्वीकृत गर्ने ।

ख) उच्च सरकारी वकिल कार्यालय नेपालगन्जको संयोजनमा संचालन भएको समुदायमा सरकारी वकिल कार्यक्रमको लागि सहभागीलाई  लागेको खाना खर्च बापतको र २० हजार रकम योजना को सि.नं.७६ बाट भुक्तानी दिने ।

ग ) जनताको तटवन्धन कार्यक्रमबाट संचालित तटवन्धन निर्माणको लागि आवश्यक पर्ने नदिजन्य पदार्थको माग भइ आएको सन्दर्भमा यस गाउपालिकामा राजश्व रकम जम्मा गरि व्यबसायी केशव केसीलाई मिति २०८१ फागुन११ गते दिएको अनुमति समर्थन गर्ने र सो बापतको राजस्व रकम रु ६८५३४६। नियमानुसार दाखिला गर्ने ।

घ ) नेकपा माओवादी केन्द्र रासिसोनारीलाइ १० हजार ,नेपाल समाजबादी पार्टो नया शक्ति १० हजार ,  नागरिक उन्मुक्ति पार्टी बाके १० हजार ,थारु रास्ट्रीय मुक्ति मोर्चा १० हजार ,क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १० हजारलाइ आर्थिक सहयोग दिने ।४३ औं मगर दिवस मनाउन भाषा कला संस्कृत शीर्षकबाट ४० हजार सहयोग गर्ने ।शिक्षा समितिबाट सिफारिस भइ आएको रासिसोनारि गाउपालिका वडा नं २  निवासी रन्जिता केसी ले प्राणी शास्त्रमा अनुसन्धान गर्नको लागि १५ हजार र वडा नं ३ निवासी शुस्मा गोसाई (बन विज्ञान स्नातक अध्ययनरत ) अजरवैजानामा भएको जलवायु सम्मेलनमा सहभागी हुन् गएकोले निजलाई २० हजार सहयोग दिने र वडा नं ८ निवासी अशक्त अपांगता भएका देवेन्द्र केसीको ह्विल चेयर किन्दा भएको खर्चमा साझेदारीरुपमा रु २५ हजार र वडा नं ४ बस्ने  देबी प्रसाद थारुका छोरा महेश चौधरीको उपचारको लागि २० हजार उपचार सहयोग गर्ने  ।

ङ) इलाका प्रशासन कार्यालय कोहलपुरको जिप मर्मतको लागि मर्मत शीर्षकबाट २५ हजार दिने ।

च ) वडा नं ३ को बैसामा खुल्ला व्यायाम पार्क तथा पर्यटन क्षेत्र निर्माणको लागि पर्यटन बोर्ड संगको साझेदारीमा वडाको सिफारिस अनुसार वडा कार्यालयको पूर्वाधार बजेटबाट १ लाख म्याचिङ्ग फण्ड दिने ।

छ ) माता बागेश्वरी सेक्युरिटी सर्भिस प्रालिको सेवा परामर्श अवधि २०८१ माघ देखि २०८२ असार मसान्तसम्मको लागि म्याद थप गर्ने ।

ज ) यस गाउपालिका अन्तरगत विभिन्न वडाबाट माग भई आएका र अत्यावश्यक देखिएका आयोजना संचालन गर्नको लागि आयोजना किताबको सिनं ८४/८५ को साझेदारी प्रवर्धनकोष् बाट खर्च गर्ने :

१.रासिसोनारी वडा नं ८  को डाडागाउ सिचाइको व्यबस्थापन २ लाख ५० हजार

२ .वडा नं २ टिकाराम थारुको घर देखि दक्षिणमा हुमपाइप जडान गर्ने काम ३ लाख

३. वडा नं २ को माथेबास कम्दी सडक अन्तरगत मान बहादुर हमालको घर देखि नन्कु जैसवालको घर अगाडी सम्म पक्कि नाल निर्माण ३ लाख

४. वडा नं १ को जरुवामा सिचाई व्यबस्थापनको लागि ३ लाख साझेदारी प्रवर्धन कोषबाट  व्यवस्थापन गर्ने

५. वडा नं ३ को वडा कार्यालयको संरक्षणको लागि गेट तथा घेरावार गर्ने २ लाख ५० हजार रकम साझेदारी प्रवर्धन कोषबाट वा कार्यालयको मर्मत शिर्षक हेरी बजेट व्यबस्थापन गर्ने ।

६. गाउपालिकाको खेलकुद बिकास समितिको आयोजनामा लुम्बिनी प्रदेश स्तरीय सेमिनार तथा बन्द प्रशिक्षणको लागि भएको खर्च २९ हजार खेलकुद बिकास समितिको बजेटबाट व्यहोर्ने ।

झ .पर्यटन प्रवर्धन गर्नको लागि सिक्टा पुलको पूर्वतिर boting या स्टिमर संचालन गर्न वातावारण परिक्षण गर्ने ,वावावर्फानी पथमार्गको DPR गर्ने, गाउपालिकाको पर्यटन गुरुयोजना तयार गर्ने (परामर्श सेवामा ), भुमि समस्या समाधानको लागि विनियोजित वजेट शीर्षकबाट सो कामको लागि चाहिने मेशिनरी औजार उपकरण खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने. बजेटको उपुक्त शिर्षक हेरी गाउपालिकाको कार्यालय पछाडिको ठुलो हलको मर्मत , घेरावार, माइक स्पिकर जोड्ने , सभा हलमा स्पिकर जडान गर्ने र कृषि शाखाबाट संचालन हुने किसान कार्डको सेवा शुल्क रु ३५ कायम गर्ने गरि कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ञ) गाउपालिका भित्र भएका मठ मन्दिर , मस्जिद , गुम्बा लगायत धार्मिक स्थलहरुको अभिलेख , वडा भित्रका खाली जग्गाहरुको अभिलेख , पर्यटकीय स्थलहरुको अभिलेख . पाटी पौवा , ताल तलैयाहरुको अभिलेखहरु राखी संरक्षण सम्वर्धन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने भएकोले आफ्नो वडा भित्र भएका माथि उल्लेखित कामहरुको व्यवस्थापन सम्बन्धित वडाका कार्यालयहरुले गरि सोको अभिलेख गाउपालिकामा पठाउने, गाउपालिकाले सुचिकृतको लागि सुचना जारी गर्ने ।

ट. वडाहरुबाट संचालन हुने वडास्तरीय आयोजना छिटोभन्दा छिटो सम्झौतागर्न व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ठ . शिवरात्रिको पुजा गर्नको लागि शिव मन्दिर कुशुमलाई ४० हजार रकम दिने

ड ) देहायका घर परिवारको आगलागी बाट भएको क्षतिपूर्तिको लागि विपद व्यवस्थापन कोषबाट राहत दिने :

१ ) खुशीराम थारु वडा नं ३ गोठआगलागी रु ५ हजार , भोजलाल थारु वडा नं ३ गोठ आगलागी ५ हजार र मेघराज ओली वडा नं ९ घर आगलागी १० हजार , वडा नं ५ प्रकाश गिरि बाखा मरेको राहत १० हजार दिने ।

ढ. गाउपालिकाको स्थापना दिवस भव्य र सभ्य तरिकाले मनाउनेगरि व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । सो दिनको संचालन गर्ने पेश भएको कार्यक्रमको खाका स्वीकृत गर्ने ।

ण) वडा ९ ढकेरीको सडक आयोजना संचालनको लागि नियमानुसार बोलपत्र आह्वान भएको तर सडकको किनारामा विधुतपोल भएको कारणले आयोजना संचालन गर्न कठिनाइ भएकोले सो पोल हटाउने एबम जोड्ने प्रयोजनको लागि कोहलपुर वितरण केन्द्र संग जि टु जि सम्झौता गरि लागत अनुमान अनुसार हुने ४ लाख रकम साझेदारी प्रवर्धन कोष बाट भुक्तानी दिने ।

त) वडा नं ४ को सिद्ध कुमाखी मन्दिर राप्तिसोनारी गापाको खाल्डाखुल्डी भर्न, बोटबिरुवा खरिद गर्न नल्का, मोटर बत्ति जडान को लागि ७० हजार र कुमाख मेला तथा बिभिन्न सांस्कृतिक ,खेलकुद संचालनमा भएको खर्च ३० हजार संस्कृति संरक्षण शिर्षकबाट दिने ।

थ) प्रो.केशब थारु (९८४८२५३८७३), राप्तिसोनारी गाउपालिका वडा नं ३,को जय भुवर भवानी निर्माण सेवाको इजाजतपत्र सिफारिस समितिबाट निर्माण इजाजतपत्र दिनको लागि सिफारिस भई आएकोले निर्माण व्यवसायी इजाजत पत्र दिने ।

द) संघिय विशेष अनुदान कार्यक्रम अन्तरगत विपन्न बर्ग आवास कार्यक्रम निर्माणको लागि वडा न १,२ , ८ र ९ को लागि भुवर भवानी निर्माण सेवा रासिसोनारी २ संग सम्झौता भएको (RSRM/works/०८१/०८२ /०३ ) र अर्को प्याकेज वडा नं ३,४,५.६ र ७ (RSRM/works/०८१/०८२ -२ को लागि सौगात कन्ट्रक्सन ठाकुरबाबा -१ संग आवास निर्माण कार्यको लागि ठेक्का सम्झौता भएको । उक्त निर्माण कार्यको लागि लागत अनुमान गर्दाको बखत केहि आइटम कम परेको भनी प्रविधिकबाट पुस्टयाई गरि पेश गरेकोले प्याकेज नं २ को लागि ६ लाख २४ हजार ५५६ पैसा ८४ र प्याकेज नं ३ को ५ लाख ६३ हजार ०७१ पैसा ०९ भ्याट सहितको भेरियशन स्वीकृत गरि खर्च गर्ने ।

ध) भूमिहीन दलित , भूमिहीन सुकुम्वासी र अव्यबस्थित बसोवासिको लागि जग्गा नापजाच गर्ने प्रयोजनको लागि गाउपालिकाको दक्ष जनशक्ति नभई कित्ता नापी नियन्त्रण विन्दु राख्न समस्या परेकोले सो को लागि परामर्श सेवाबाट काम गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

न) गाउपलिकामा बनेका नया कानुन एवम निर्देशिकाको समिक्षा छलफल कार्यक्रम तत्काल संचालन गर्ने सो कार्यक्रममा लाग्ने बजेट खर्च बजेट कार्यक्रमको शिर्षक सि.नं ८३ बाट व्यहोर्ने ।

प) यस राप्ती सोनारी गाउँपालिका वडा नं.१ देखि ९ सम्ममा देहाय अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको विवरण संकलन भएको विवरण यो बैठकमा जानकारी भयो । सो विवरण एकीकृत गरि भुमि समस्या समाधान आयोगमा पठाउने सर्वसहमतिले निर्णय गरियो ।

| क.स. | वडा नं. | भूमिहीन दलित (BD) | भूमिहीन सुकुम्वासी (BS) | अव्यबस्थित बसोबासी (AB) | जम्मा |
|---|---|---|---|---|---|
| १. | १. | १५८ | ३४४ | ८३० | १३३२ |
| २. | २. | ९५ | २१९ | १८६१ | २१७५ |
| ३. | ३. | २६ | ४१ | ९०१ | ९६८ |
| ४. | ४. | ४७ | ११७ | १५६० | १२२४ |
| ५. | ५. | ४७ | १४६ | १३६३ | १५५६ |
| ६. | ६. | ७० | २१५ | १२९७ | १५८२ |
| ७. | ७. | ५९ | १०४ | १९१२ | २०७५ |
| ८. | ८. | २३ | २७ | ८५३ | ९०३ |
| ९. | ९. | ३७ | ७६ | ८३० | ९४३ |
| जम्मा | | ५६२ | १२८९ | ११४०७ | १३२५८ |